
# एग्लान्टाइन जेब र बालअधिकार अभियान



बालअधिकार अवधारणाकी प्रणेत्री एवं सेभ द चिल्ड्रेनकी जन्मदात्रीको जीवन र बालअधिकार अभियानको सन्दर्भ

चन्द्रिका खतिवडा

# एग्लान्टाइन जेब र बालअधिकार अभियान

बालअधिकार अवधारणाकी प्रणेत्री एवं सेभ द चिल्ड्रेनकी जन्मदात्रीको
जीवन र बालअधिकार अभियानको सन्दर्भ


लेखन तथा सम्पादन

**चन्द्रिका खतिवडा**




| | | |
|---|---|---|
| **लेखन तथा सम्पादन** | : | चन्द्रिका खतिवडा<br>पोष्ट बक्स नं. ११३०४, काठमाडौं, नेपाल ।<br>ई-मेल chandrika@jdr.wlink.com.np |
| **प्रकाशक** | : | नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) |
| **शुद्धाशुद्धि** | : | शिशिर शर्मा |
| **सर्वाधिकार** | : | लेखक तथा सम्पादकमा |
| **प्रथम संस्करण** | : | आषाढ १५, २०६१ (३००० प्रति) |
| **मुद्रक** | : | अल्टिमेट मार्केटिङ , फोन नं. ४३५२२२३<br>ई-मेल info@marketingultimate.com |

मलाई विश्वास छ कि हामीले बालबालिकाका लागि केही अधिकारहरू माग गर्नुपर्दछ । ती अधिकारलाई विश्वभरिका सबैबाट मान्यता प्राप्त गर्न जुटेर प्रयास गर्नुपर्छ । ............यसका लागि बालबालिकासँग सम्पर्कमा आउने हरेक व्यक्ति अर्थात् समग्र मानव समुदायले यस अभियानमा सहयोग गर्नुपर्दछ ।

-एग्लान्टाइन जेब
(Eglantyne Jebb)

# विषय सूची


१ विषयप्रवेश १

२ जन्म, बाल्यकाल र युवावस्था ३

३ पारिवारिक वातावरण र प्रभावहरू ४

४ अध्ययन र अध्यापन ७

५ पुस्तकलेखन तथा प्रकाशन ८

६ अनुसन्धान तथा सहयोग कार्यक्रममा सक्रियता ९

७ सेभ द चिल्ड्रेन संस्थाको जन्म र विस्तार १२

८ बालअधिकारको घोषणा १६

९ बालअधिकारको दावी १९

१० एग्लान्टाइनको स्वर्गारोहण २०

११ मूल्यमान्यता, विचार र दृष्टिकोणहरू २१




ालअधिक
नेबको चच
ालअधिका
ाफूलाई थ
न् १९२३
ाँचबुँदे बाल
रूपमा परिचि
ाष्ट्रसंघीय ब

नका बारेमा
ग्लान्टाइनका
ठाइदिन आग्र

गत केही व
क्ति तथा संस्
यार भएको छ
ही पक्षहरू र
त्रमा चासो राख
होला जस्तो ल

तेहासको काल
त्सम्बन्धी कामल
रेमा स्रोतसामग्री
टैं। त्यसैको प



# आफ्नो भनाइ

बालअधिकारसम्बन्धी छलफलका क्रममा बालअधिकार अवधारणाकी प्रणेत्री एग्लान्टाइन जेबको चर्चा स्वाभाविक रूपमा उठ्ने गर्दछ । उदयपुरमा बालबालिका एवं युवा कार्यकर्ताहरूसँग बालअधिकार तालिम सञ्चालन गर्दा पनि यस्तै भयो । एग्लान्टाइनको सन्दर्भ उठ्यो, अनि मैले आफूलाई थाहा भएका केही सन्दर्भ र प्रसङ्गहरूको चर्चा गरें । एग्लान्टाइन जेबले सर्वप्रथम सन् १९२३ मा बालअधिकार अभियान सुरु गरेकी हुन् । यसै अभियानअन्तर्गत सोही वर्ष पाँचबुँदे बालअधिकार घोषणापत्र पनि तयार पारिन् । उक्त घोषणापत्र जेनेभा घोषणापत्रका रूपमा परिचित छ । यही बालअधिकार अभियान विस्तारित हुँदै जाँदा सन् १९८९ मा सयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि पारित भएको अवस्थासम्म आइपुगेको छ ।

उनका बारेमा मैले जानेका केही बताएको लगत्तै सहभागी बालबालिका एवं युवा कार्यकर्ताले एग्लान्टाइनका बारेमा अरू बढी जान्न चाहेको बताउँदै उहाँको जीवनीबारे लेखिएको किताब पठाइदिन आग्रह गर्नुभयो ।

विगत केही वर्षदेखि बालअधिकारका क्षेत्रमा काम गरिरहेको अनुभव र यस क्षेत्रमा संलग्न व्यक्ति तथा संस्थाहरूसँगको चिनजानका आधारमा सम्झँदा नेपालीभाषामा त्यस्तो पाठ्यसामग्री तयार भएको छ जस्तो लागेन । अनि नेपालीमा सरल रूपमा एग्लान्टाइनको जीवनगाथाका केही पक्षहरू र बालअधिकार अभियानका सन्दर्भहरू सङ्कलन गर्न सकिएमा बालअधिकारका क्षेत्रमा चासो राख्ने सबैलाई, त्यसमा पनि खासगरी बालबालिका तथा युवावर्गहरूलाई उपयोगी नै होला जस्तो लाग्यो ।

इतिहासको कालखण्डमा भएका सङ्घर्षका कथाहरूले वर्तमानलाई प्रेरणा दिन सक्दछन् र ततसम्बन्धी कामलाई अझै प्रभावकारी बनाउन मद्दत गर्न सक्दछ भन्ने मान्यताले एग्लान्टाइनका बारेमा स्रोतसामग्री सङ्कलन गर्न थालें । अनि तिनलाई सङ्गठित गर्ने र सम्पादन गर्ने काममा जुटें । त्यसैको परिणामस्वरूप यो पुस्तिका यहाँहरूका हातमा आउन सकेको छ ।

मूलतः बालबालिका तथा युवावर्गलाई लक्षित गरिएको यस पुस्तिकाले एग्लान्टाइनको जीवनगाथाहरू एवं बालअधिकार अभियानका विभिन्न पक्षहरूका बारेमा जानकारी प्रस्तुत गरेको छ। उनका सम्बन्धमा अझै बढी थाहा पाउन पाठकहरूमा कौतुहलता जगाउन यो पुस्तिका सफल भएमा यो प्रयास सार्थक भएको मान्नेछु।

यो पुस्तिका तयार गर्न उपयोग गरिएका सेभ द चिल्ड्रेनको वेभसाइटलगायत अन्य स्रोतसामग्रीका सम्पादक तथा प्रकाशकहरूलाई सर्वप्रथम म कृतज्ञता ज्ञापन गर्न चाहन्छु। त्यसैगरी सम्पादनका सन्दर्भमा विभिन्न रूपमा सहयोग गर्नुहुने श्री विजय रौनियार, श्री किशोर पहाडी, श्री सुशीला अधिकारीलाई हार्दिक धन्यवाद छ। पुस्तिका मस्यौदामाथि टिप्पणी गरी सुझाव-सल्लाह दिनुहुने श्री नूपुर भट्टाचार्य, श्री प्रकाश कोइराला, श्री खेमलाल थापा, श्री प्रह्लाद ढकाल, श्री देव आले, श्री राजीव अधिकारी र भाइ कृष्ण खतिवडालाई धन्यवाद दिन चाहन्छु। पुस्तिकाको प्रकाशनका दौरानमा उपलब्ध सहयोगका लागि सेभ द चिल्ड्रेन नर्वे, नेपालप्रति आभार व्यक्त गर्न चाहन्छु।

यो पुस्तिका अध्ययन गर्नुहुने बालबालिका एवं युवावर्ग तथा पाठक महानुभावहरूलाई आफ्नो अमूल्य सुझाव दिनुहुन अनुरोध छ। यसबाट अझै उपयोगी रूपमा पुस्तिकालाई परिमार्जन गर्न सहयोग पुग्नेछ भन्ने कुरामा म विश्वस्त छु।

धन्यवाद।

-चन्द्रिका



# विषय प्रवेश

सन् १९१४ देखि १९१८ सम्म भएको पहिलो विश्वयुद्धले संसारभर ठूलो मात्रामा धनजनको क्षति भयो । यस युद्धमा संसारका अधिकांश देशहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा युद्धमा होमिएका थिए । युद्धमा लाखौँको संख्यामा मानिसहरू मरे । असंख्य बालबालिका लडाइँका कारणबाट अपाङ्ग हुन पुगे । युद्धग्रस्त देशहरूमा ठूलो संख्यामा बालबालिका परिवारविहीन र टुहुरा भए । युद्धका कारणबाट बालबालिका खानेकुरा, बस्नेघर र लगाउने लुगाजस्ता अत्यावश्यक आवश्यकताहरूको अभावमा भकाभक मर्न थाले । युद्ध समाप्त भएपछि समेत युद्धमा होमिएका देशहरूको ध्यान राजनैतिक कुराहरूले नै खिचेका थिए । उनीहरूको ध्यान देशको भौतिक र आर्थिक पुनर्निर्माणतर्फ मात्र बढी गएर बालबालिकाले भोगिरहेका यी दुर्दशा, अभाव र कठिनाइप्रति उचित रूपमा ध्यान पुऱ्याउन सकेका थिएनन् ।

> **सबै युद्ध, सही वा गलत, विध्वंसकारी वा विजयकारी, बालबालिकाविरुद्ध छेडिएका हुन्छन् ।**
>
> **-एग्लान्टाइन जेब**

यस्तो अवस्थामा पीडित बालबालिकाका दुःख वेदनाले एग्लान्टाइन जेबलाई औधि छोयो । यी बालबालिकाको जीवनरक्षाका लागि केही काम गर्नुपर्दछ भन्ने दृढ अठोट बोकेर युद्धबाट प्रभावित अभावग्रस्त भोका-नाङ्गा बालबालिकाको तस्वीरमार्फत् एग्लान्टाइनले बालबालिकाका समस्याहरूप्रति विश्वको ध्यान तान्न अभियान थालिन् ।

फोटोग्राफीमा रूचि र दक्षता हासिल गरेकी एग्लान्टाइनको भोका-नाङ्गा बालबालिकाको तस्वीर देखाउँदै शुरू भएको प्रचारात्मक अभियानले सफलता पनि पायो । तर तत्कालीन बेलायती समाजमा युद्धपीडित भोका-नाङ्गा बालबालिकाको तस्वीर खिचेर त्यसको प्रचारप्रसार गरी बालबालिकाका तर्फबाट आवाज उठाउनुलाई ठूलो अपराध ठहऱ्याइयो । यसै अपराधमा बेलायत सरकारले जेबलाई जेलमा थुनिदियो । जेबले जेलभित्र रहँदा पनि बालबालिकाका पक्षमा आफूले शुरू गरेको अभियानलाई निरन्तरता दिइरहिन् । जेलभित्रबाट पनि "सबै युद्धहरू बालबालिका र महिलाविरूद्धका युद्ध हुन्" भन्ने उद्घोष गर्दै युद्धबाट बालबालिका र महिलाहरूलाई जोगाउनुपर्दछ भन्ने आह्वान गरिरहिन् र अभियानलाई निरन्तरता दिइरहिन् ।

एग्लान्टाइन जेबद्वारा शुरू भएको बालअधिकार अभियानले संसारका देशहरूलाई बालबालिकाका हकहितमा काम गर्न प्रेरित गरेको छ। अर्कोतिर यसले बालबालिकाका अधिकारलाई कानुनी रूपमा मान्यता दिलाउनसमेत महत्वपूर्ण योगदान दिएको छ। यसै अभियानअन्तर्गत सन् १९२३ मा जेबले सर्वप्रथम पाँचबुँदे बालअधिकार घोषणापत्र तयार पारिन्। परिणामस्वरूप बालअधिकार अभियान विस्तारित हुँदै जाँदा सन् १९८९ मा संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि पारित भएको अवस्थासम्म आयो। यस महासन्धिलाई अमेरिका र सोमालियालगायतका केही देशहरूबाहेक विश्वका प्रायः सबैं देशहरूले अनुमोदन गरी आफ्ना देशका बालबालिकाका हितमा कार्यान्वयन गरिरहेका छन्। संयुक्त राष्ट्रसंघको इतिहासमा यस महासन्धिले सबैभन्दा छोटो अवधिमा अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजका रूपमा मान्यता पाउनुका साथै सबैभन्दा बढी राष्ट्रहरूले अनुमोदन गरेको महासन्धिसमेत हुन पुगेको छ।



यसरी एग्लान्टाइनले बालबालिकाको हकअधिकारका लागि कार्य गर्दै तिनीहरूका अधिकारको घोषणा गर्न सफल भइन्। उनको बालअधिकार घोषणालाई तत्कालीन लिग अफ नेसन्स (संयुक्त राष्ट्रसंघको पूर्ववर्ती निकाय) ले मान्यता प्रदान गऱ्यो। यसै परिप्रेक्ष्ययमा जेबले शुरू गरेको अभियानको परिणामस्वरूप बालबालिकाका लागि काम गर्ने संस्था सेभ द चिल्ड्रेनको स्थापना भएको हो।

यसर्थ, एग्लान्टाइन जेब बालअधिकार अभियानकी प्रणेत्री मानिएकी हुन्। उनी बालबालिकाको हकअधिकार प्रवर्द्धनका लागि विश्वभर काम गरिरहेको संस्था सेभ द चिल्ड्रेनकी जन्मदात्री हुन्। सेभ द चिल्ड्रेन बालबालिकाका लागि काम गर्ने विश्वकै अग्रणी अन्तर्राष्ट्रिय विकास संस्थाहरूमध्ये एक हो। हाल विभिन्न देशहरूको अगुवाइ तथा आर्थिक सहयोगमा ३० वटाभन्दा बढी सेभ द चिल्ड्रेन संस्थाहरू र तिनका सयौं शाखाहरू विश्वभर काम गरिरहेका छन्। यी संस्थाहरू सेभ द चिल्ड्रेनको नामसँगै सहयोग गर्ने देशको नाम जोडेर पृथक रूपमा चिनिए तापनि मूल रूपमा यिनीहरू बालबालिकाकै लागि अथवा बालबालिकासँग काम गर्दछन्। यी संस्थाहरूले एग्लान्टाइन जेबको बालअधिकार अभियानलाई जीवन्त बनाइरहेका छन्। नेपालमा तीनवटा सेभ द चिल्ड्रेन संस्थाहरू- सेभ द चिल्ड्रेन नर्वे, सेभ चिल्ड्रेन यु. एस.(अमेरिका), र सेभ द चिल्ड्रेन (जापान) कार्यरत छन्। सेभ द चिल्ड्रेन यु. के.(बेलायत) ले भने हालसालै नेपालमा कार्यक्रमको जिम्मा सेभ द चिल्ड्रेन नर्वेलाई लगाएको छ।

> **एकमात्र अन्तर्राष्ट्रिय भाषा भनेको बच्चाको रोदन हो।**
> **-एग्लान्टाइन जेब**



# जन्म, बाल्यकाल र युवावस्था

एग्लान्टाइन जेबको जन्म सन् १८७६ मा इंग्ल्याण्डको स्रोपसर, एलेस्मेर भन्ने ठाउँमा एक सम्पन्न ग्रामीण परिवारमा भएको थियो। उनी आर्थर जेव (Arthur Jebb) तथा श्रीमती एग्लान्टाइन (Eglantyne) का छजना सन्तानमध्ये एक थिइन्। एग्लान्टाइन जेबले आफ्नो बाल्यकाल आफ्नो परिवार, गाउँले घर र सो वरिपरि विभिन्न साहसिक खेल खेल्दै र आफ्ना दाजुभाइ र दिदीबहिनीसँग बालसुलभ भैभगडा तथा मनोरञ्जन गर्दै बिताइन् । उनी आफ्ना भाइबहिनीलाई डरलाग्दा खालका काल्पनिक कथा सुनाउने गर्थिन्।

जेब परिवारका बालबालिका सरल गाउँले जीवनप्रति स्नेह राख्दै हुर्केबढे। एग्लान्टाइन एकान्तबास र सादा जीवन मनपराउँथिन्। गाउँघर डुल्न मनपराउने जेब जनसाधारणप्रति निकै चासो राख्थिन्। उनी वर्गीय व्यवस्था मनपराउँदैनथिन्। मानिसलाई गरिने सम्मान तिनले गर्ने काममा आधारित हुनु हुँदैन भन्ने उनको विचार थियो। "सामाजिक अर्थमा मानिसको एकमात्र वर्ग 'मानवताको वृहत् वर्ग' हुनुपर्छ" उनी भन्थिन्। मानवताकी पक्षपाती एग्लान्टाइनका रूचि सरल थिए र उनी अनावश्यक भोगविलासको सधैं विरोध गर्थिन्।

एग्लान्टाइन जेब केटाकेटीमा खेलाँची गर्न मन पराउने स्वभावकी थिइन्। उनी आफ्ना भाइबहिनीलाई उक्साएर ख्यालख्यालमा लडाइँ गर्न लगाउँथिन् र आफूले रचेका काल्पनिक कथा सुनाउने गर्थिन्। एग्लान्टाइन रचनात्मक स्वभावकी अर्थात् कल्पनाशील थिइन्। यही गुणको कारण जेब साना भाइवहिनीलाई सिपाहीको नक्कल गरेर मार्चपास गर्ने, बाजा बजाउने र अरूका किल्लामाथि आक्रमण गर्ने खेल खेलाउँथिन्।

युवतीका रूपमा एग्लान्टाइन पौडी खेल्न तथा डुङ्गा खियाउन मन पराउँथिन्। उनलाई पुरुषहरूसँग प्रतिस्पर्धा गरी घोडसवारी गर्न बढी मन पर्थ्यो। उनले बाँचुञ्जेल नै ग्रामीणक्षेत्रमा लामो दूरीसम्म पैदल हिँड्न रुचाइरहिन्। आफ्ना वुवाको हौसला पाएर उनी निकै अध्ययनशीलसमेत भइन् र आफ्ना रचनाहरू लेखिरहिन्। उनले कविता समेत लेखेको पाइन्छ। साथै उनी आफ्नो पिताको पुस्तकालयमा धेरैबेरसम्म किताब पढेर समय बिताउँथिन्।



# पारिवारिक वातावरण र प्रभावहरू

एग्लान्टाइन जेबकी आमा शील्पकला तथा उद्योगमा रूचि राख्नुहुन्थ्यो। उहाँ सर्वसाधारण मानिसहरूलाई हस्तकला, सीप तथा कलाकौशलमार्फत् समृद्ध हुन (आम्दानी बढाउन) सघाउनुहुन्थ्यो । उहाँले हस्तकलालाई 'उच्च कला' का रूपमा विकसित गराउन महत्वपूर्ण भूमिका खेल्नुभयो । वहाँले लण्डनमा घरेलु हस्तकला, शील्पकलाको एक विशाल प्रदर्शनीको आयोजना गर्नुभएको थियो जसमा राजपरिवारका सदस्य, कलाकारहरूलगायत अनेक क्षेत्रका लोकप्रिय व्यक्तिहरूको समेत उपस्थिति थियो ।



एग्लान्टाइनका बुबा अर्थर शिक्षित तथा अध्ययनशील अधिवक्ता (वकील) हुनुहुन्थ्यो । उदारवादी जमीन्दार आर्थर वादविवाद गर्न रूचाउनुहुन्थ्यो अनि प्रजातन्त्रप्रति विश्वास राख्नुहुन्थ्यो । आफ्नो समर्थनको राजनैतिक पार्टीमा विश्वास गर्ने व्यक्तिहरूसँग मात्र नभएर अन्य पार्टीका व्यक्तिहरूसँग उठबस गर्न पनि उहाँ उत्तिकै एकातर्फ उहाँ तिनका बौद्धिक, राजनैतिक तथा कलात्मक अभिरुचिलाई प्रोत्साहित गर्नुहुन्थ्यो भने अर्कोतर्फ छोरीहरू विश्वविद्यालय जाने कुरा भने उहाँ त्यति मन पराउनुहुन्थ्यो । छोरीहरूले 'राम्रो' विहावारी गरे भै हाल्छ नि भन्ने त्यसवेलाको समाजको विचारले उहाँलाई पनि प्रभावित पारेको थियो ।

एग्लान्टाइन जेबकी फुपू लुइसा आफैंमा एक संस्थाभैं थिइन् । उनी एग्लान्टाइनका लागि धाइआमा र शिक्षकजस्तै थिइन्। एग्लान्टाइनको शिक्षामा लुइसाको प्रत्यक्ष योगदान थियो। उनी पढाउनमा पोख्त थिइन्। उनी एग्लान्टाइनलाई वाहिरी वातावरणसँग घुलमिल भएर शिक्षा लिने अवसर दिन्थिन्। लुइसा एग्लान्टाइनलाई पढाइमा सधैं गम्भीर हुन प्रोत्साहित गर्थिन्। एग्लान्टाइनलाई लेडी मार्गरेट हल, अक्सफोर्डमा पढ्न पठाउन प्रोत्साहित गर्ने व्यक्तिहरूमध्ये लुइसा प्रमुख थिइन्। लुइसा आधुनिक चिन्तक थिइन्। उनले वैज्ञानिक चार्ल्स डार्विनका नयाँ चिन्तनहरूलाई गहिरोसँग अध्ययन गरेकी थिइन्। उनी महिलाको मताधिकारलाई जोडदार समर्थन गर्थिन्। साथै लुइसा एग्लान्टाइनकी आमाको शील्पकलासम्वन्धी कामको कट्टर समर्थक पनि थिइन्।

एग्लान्टाइनका भाइ रिचार्ड (उनलाई 'डिक' भनेर पनि बोलाइन्थ्यो) उनीसँग निकै घनिष्ट थिए । तिनले अक्सफोर्डमा महान् व्यक्तित्वहरूका बारेमा अध्ययन गर्नुका साथै विश्वभ्रमण गरी सोबारे यात्रा वृत्तान्तका किताब पनि लेखेका थिए । गहन विचारका उनका किताबहरू अक्सफोर्ड विश्वविद्यालयमा पाठ्यपुस्तकका रूपमा समेत लागु भएका थिए । डिक आफ्नो परिवारप्रति अति स्नेह गर्थे र सबैको राम्रो ख्याल राख्थे । तिनले आफ्नो खेतबारीमा काम गर्ने कामदारहरूसँग असल व्यवहार गर्ने बुबाको परम्परालाई निरन्तरता दिएका थिए ।

एग्लान्टाइनकी बहिनी डोरोथीले क्याम्ब्रिज विश्वविद्यालयमा नैतिक शास्त्र तथा अर्थशास्त्रको अध्ययन गरेकी थिइन् । तिनी सेभ द चिल्ड्रेनको स्थापनामा एग्लान्टाइनका घनिष्ट सहयोगी वा साझेदार थिइन् । तिनी 'सेभ द चिल्ड्रेन कोष' की प्रथम सचिव थिइन् । केही वर्ष सँगै काम गरेपछि डोरोथीले नै सर्वप्रथम सन् १९१५ मा 'फाइट द फेमिन काउन्सिल' (भोकमरीविरूद्धको परिषद) को परिचालन गरी सोही संस्थाको मातहतमा बालबालिकाका आवश्यकताबारे काम गर्ने छुट्टै समिति खडा गरेकी थिइन् । आफू राजनैतिक वृत्तमा बढी कुशल छु भन्ने ठानी डोरोथीले सेभ द चिल्ड्रेनको आफ्नो जिम्मेवारी र पद एग्लान्टाइनलाई जिम्मा लगाउँदै राजनीतिमा प्रवेश गरेकी थिइन् ।

> ***बालबालिकालाई राहतबाट मात्र जोगाउन सकिंदैन। तिनलाई साँच्चि नै जोगाउने हो भने हामीले राहतसँगै अन्य कृयाकलाप थपी नयाँ दृष्टिकोण पैदा गर्नुपर्छ जसले गर्दा बालबालिकाको खानपिन तथा शिक्षामा खर्च गर्नुपर्ने रकम अनुत्पादक काममा तथा मनोरञ्जनमा खर्च नहोस्।***
>
> ***एग्लान्टाइन जेब।***

एग्लान्टाइनकी अर्की बहिनी लुइसाले क्याम्ब्रिज विश्वविद्यालयमा कृषिविज्ञानको अध्ययन गरेकी थिइन् । आफ्नो अध्ययनपछि तिनी पारिवारिक कृषिफर्मको व्यवस्थापनमा जुटिन् जसलाई त्यसबेलाको समाजमा एक महिलाका लागि अनौठो पेशाका रूपमा लिइन्थ्यो । तिनी बेलायतको 'एग्रिकल्चरल अर्गनाइजेसन सोसाइटी' को गभर्नरसमेत भइन् । सन् १९१९ मा लुइसाले महिला स्थलसेनाको गठन गरेवापत 'अफिसर अफ द अर्डर अफ द ब्रिटिस इम्पायर' नामक उपाधिसमेत प्राप्त गरेकी थिइन् ।

त्यसैगरी एग्लान्टाइनको जीवनमा प्रभाव पार्ने अन्य व्यक्तिहरूमा प्रसिद्ध अर्थशास्त्री मेनार्ड कीन्सकी आमा श्रीमती मार्गरेट कीन्स पनि एक थिइन् । श्रीमती कीन्स क्याम्ब्रिजस्थित 'च्यारिटी अर्गेनाइजेसन सोसाइटी' नाम भएको संस्थाको सचिव तथा एग्लान्टाइनको जीवनको प्रेरकशक्ति थिइन् । उक्त संस्था अनुसन्धान तथा वैज्ञानिक पद्धतिमार्फत् कल्याणकारी संस्थाहरू तथा सहयोग समूहहरू सञ्चालन गर्ने सर्वोत्तम तरिकाका साथ काम गर्थ्यो ।

एग्लान्टाइन जेबको जीवनमा परिवारका सबै सदस्यहरू र पारिवारिक वातावरणले निकै नै प्रभाव पारेको पाइन्छ। एउटा सम्पन्न र शिक्षित पारिवारिक परिवेशले उनको बौद्धिक तथा आधुनिक सोचमा व्यापक प्रभाव पारेको पाइन्छ। उनलाई समाजमा अरूहरूका लागि उपयोगी काम गर्नुपर्दछ भन्ने प्रेरणा पनि यही परिवेशले नै दिएको देखिन्छ।



# अध्ययन र अध्यापन

प्रारम्भिक अध्ययन पूरा गरेपछि एग्लान्टाइन जेब सन् १८९५ मा लेडी मार्गरेट हल, अक्सफोर्ड विश्वविद्यालयमा इतिहासको अध्ययन गर्न गइन् । त्यहाँ उनले सामाजिक विषय वा मुद्दाहरूमा चाख राख्ने युवासहपाठीलाई भेटिन् । विश्वविद्यालयमा उनले आफ्ना सहपाठीहरूसँग छलफल गरेर साथै सिक्ने तथा वादविवाद गर्ने खुला वातावरणसमेत पाइन् । अक्सफोर्डमा हुँदा एग्लान्टाइन तीक्ष्ण प्रतिभाकी उर्जावान् तर्ककर्ता विद्यार्थीका रूपमा चिनिएकी थिइन् ।

एग्लान्टाइनले विश्वविद्यालयको अध्ययन सकेपछि सन् १८९८ मा स्टकवेल कलेजमा शिक्षक प्रशिक्षण लिन थालिन् । यो कुरा आफैँमा फेरि पनि 'भिन्न' थियो किनभने एग्लान्टाइनको जस्तो पृष्ठभूमि भएका जोसुकैका लागि शिक्षिका बन्नु अनौठो विषय थियो । कलेजमा उनले धेरै नै कठिनाइ भोग्नुपरेको थियो । साथै उनी विद्यार्थीहरूको खराब स्वास्थ्यबाट निकै दुःखी भएकी थिइन् । अर्कोतर्फ कलेजको वातावरण प्रगतिशील तथा बाल-मैत्री भएकोमा भने उनी खुसी थिइन् ।

सन् १८९९ मा एग्लान्टाइनले मार्लबोरो, विल्टसर स्कुलमा प्राथमिकस्तरका छात्रछात्रालाई पढाउन थालिन् । स्कुलमा बालबालिका आपसमा लडाइँको नक्कल गरी खेलेको देखेर एग्लान्टाइन झस्किन्थिन् । उनी बालबालिकालाई 'किताबी कीरा' मात्र नबनून् भनेर प्रयासरत रहन्थिन्, त्यसैले तिनलाई अवलोकन तथा अनुभवबाट सिक्न हौस्याउँथिन् । आफ्ना छात्रछात्रा तथा प्रिन्सिपलले आफूलाई माया गरेको देख्दा उनी गौरवान्वित हुन्थिन् । तापनि एग्लान्टाइन आफू शिक्षण पेशामा सफल भएको ठान्दिनथिन् । त्यसबेलासम्म बालबालिकालाई अन्य तवरले सघाउन सकिने विचार आएकाले उनले स्कुल छाड्ने निधो गरिन् । साथै यसै समयमा उनी बिरामी भएर शारीरिक रूपले निकै गलेकी पनि थिइन् । यसर्थ एग्लान्टाइनले सन् १९०१ मा मार्लबोरो छाडिन् ।

मार्लबोरो छाडेपछि पनि उनी आफ्ना काकाकाकीका छोराछोरीहरूको शिक्षादीक्षामा अति नै सक्रिय भएर लागिरहिन् । यसै समयमा एग्लान्टाइन प्रतिबद्ध इसाई भएकी थिइन् । उनले आफ्नो बाँकी जीवनमा यसलाई महत्वपूर्ण घटनाका रूपमा लिएको पाइन्छ ।



# पुस्तक लेखन तथा प्रकाशन

स्कूल छाडेपछि एग्लान्टाइन आफ्नी आमासँग क्याम्ब्रिजमा बस्न गइन् । सन् १९०३ मा उनी च्यारिटी अर्गनाइजेसन सोसाइटी (सीओएस) नाम भएको संस्थामा संलग्न भइन् । उक्त संस्था वैज्ञानिक तरिकाले कल्याणकारी कामहरू (च्यारिटीहरू) सञ्चालन गर्न प्रोत्साहन गर्ने उद्देश्यले स्थापना भएको थियो । यस संस्थाले मानिसका आवश्यकतालाई राम्ररी केलाएर काम गर्नुपर्ने कुरामा जोड दिन्थ्यो ।

यसै संस्थासँग सम्बद्ध रहेर काम गर्दा एग्लान्टाइनले बेलायतको क्याम्ब्रिज शहरमा व्याप्त गरीबीमाथि गरेको अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई समेटेर सन् १९०६ मा 'क्याम्ब्रिज: अ सोसल स्टडी' नामक पुस्तक प्रकाशित गरिन् । यस पुस्तकले गरिबीविरुद्ध गर्नुपर्ने कार्यका बारेमा व्यावहारिक सुझबुझ दिएको छ । पुस्तकले विकास कार्यक्रमलाई सुविधाबाट वञ्चित भएका व्यक्तिहरूलाई सघाउने कार्यका रूपमा उपयोग गरिनुपर्दछ भन्ने स्पष्ट सोच दिन्छ । पुस्तकको लेखन तथा उक्त संस्थासँगको संलग्नताले एग्लान्टाइनलाई दातृसंस्थाले कसरी काम गर्छन् भन्ने बारेमा राम्रो ज्ञान दियो । सन् १९०८ को वसन्त ऋतुसम्म उनले यस संस्थामा काम गरिन् ।

यसै समयमा एग्लान्टाइनले आफ्नो डायरीमा आफू बिरामी भएको कुरा उल्लेख गरेको पाइन्छ । एग्लान्टाइनमा थायराइड ग्रन्थीको समस्या थियो जसले पछि गलगाँडको रूप लियो । यस स्थितिलाई सङ्केत गर्दै एग्लान्टाइनले 'शारीरिक थकाइ र रोगलाई मानसिक बलले जित्ने प्रयास गर्नुपर्दछ र सोका लागि म अझ बलियो हुनुपर्छ' भनेको पाइन्छ ।

सन् १९१० मा एग्लान्टाइनकी आमा बिरामी हुनुभयो । उहाँले केही समयका लागि बेलायतबाहिर बस्ने निधो गर्नुभयो । त्यसपछि दुई वर्षसम्म एग्लान्टाइन पनि आफ्नी आमासँग युरोपभरिका अनेक ठाउँका स्वास्थ्य केन्द्रहरूमा भौंतारिइरहिन् । यही समयमा उनले 'द रिङ फेन्स' नामक उपन्यास लेखिन् । यस उपन्यासमा उनको आफ्नै आत्मवृत्तान्त र बेलायतको गाउँले जीवनका छविहरू झल्किएका छन् । पुस्तकमार्फत् उनले 'शासक वर्ग' को व्यवहारमाथि आक्रमण गर्दै एक श्रमिकका व्यथालाई बाहिर ल्याएकी छिन् ।



# अनुसन्धान तथा सहयोग कार्यक्रममा सक्रियता

सन् १९१२ मा बाल्कन्समा युद्ध शुरू भयो । ग्रीस तथा सर्बिया आफ्नो क्षेत्र म्यासिडोनियामा विस्तार गर्न कटिबद्ध थिए । फलस्वरूप आम नागरिक, खासगरी म्यासिडोनियाका नागरिकले निकै दुःख भोग्नुपर्‍यो ।


सन् १९१३ मा डोरथीका पतिबाट प्रेरित भएर एग्लान्टाइनले म्यासिडोनियाली राहतकोषका लागि काम गर्दै शरणार्थीहरूको राहतका लागि आर्थिक सहयोग वितरण गरिन् । उनी आफैँ बाल्कन्स क्षेत्रमा भ्रमण गरेर युद्धबाट पीडित भएका घरबारविहीन शरणार्थीहरूका दुःखमा मल्हम लगाउन प्रयत्न गर्न थालिन् । उनको त्यसबेलाको काम भनेको समस्या निवारणका लागि उठाइएको रकम वितरण गर्नु थियो । बाल्कन्सको यस्तो जटिल परिस्थिति, एक अर्काप्रतिको घृणाभाव तथा धार्मिक मतभेद आदि सबैले एग्लान्टाइनलाई ज्यादै प्रभावित गर्‍यो । युद्धपीडित परिवार तथा समुदायलाई पर्याप्त सहयोग गर्न नसकिएकामा उनी दुःखी भइन् । त्यसपछि बेलायत फर्केपछि उनले राजनैतिक अभियानका साथै युद्धपीडितलाई सहयोग गर्न रकम जम्मा गर्ने अभियानलाई तीव्र पारिन् ।

यस समयसम्म एग्लान्टाइनले युद्ध वा सशस्त्र द्वन्द्वबाट पीडित भएका मानिसहरूलाई कसरी सहयोग गर्ने भन्ने बारेमा ठोस रणनीति बनाइसकेकी थिइन् । उनले मानिसहरूलाई अल्पकालीन राहतभन्दा बढी सहयोग गर्नुपर्ने कुरामा जोड दिइन् । उनले आफ्नो भ्रमणबाट के बुझेकी थिइन् भने मानिसलाई रचनात्मक सहयोगको खाँचो थियो । तिनलाई घर चाहिन्थ्यो र जीउनका लागि खेतीयोग्य जग्गा चाहिन्थ्यो । एग्लान्टाइनले यी सबै कुरा बुझेकी थिइन् । यसर्थ उनले आफूले सङ्कलन गरेको आर्थिक कोषलाई शरणार्थीहरूका लागि घरजग्गा उपलब्ध गराउने र बास बसाउने जस्ता योजनामा समेत खर्च गरिन् ।

सन् १९१४ मा प्रथम विश्वयुद्ध शुरू भएपछि एग्लान्टाइन पूर्णतया शान्तिवादी भइन् र आफ्नो युद्धविरोधी अभियानलाई अझै सक्रिय पारिन् । युद्धको शुरूदेखि नै बेलायतका अखबारहरू गलत प्रचारले भरिन थालेका थिए । सन् १९१५ मा उनकी बहिनी डोरोथीले सही समाचारका लागि एक टोली गठन गरी त्यसको नेतृत्व आफूले लिइन् । तिनलाई सरकारले 'शत्रु' पक्षका

देशका समाचारपत्रहरूसमेत आयात गर्ने लाइसेन्स दियो । एग्लान्टाइन र डोरेथीले कूल १०० भन्दा बढी समाचारपत्रहरू यूरोपभरिबाट मगाएर सन्तुलित पाराले तथ्यलाई प्रकाशित गर्न थाले । यसलाई अन्तर्राष्ट्रियस्तरमा युद्धस्थितिबारे सही समाचारको सूचकका रूपमा लिन थालियो । यसका असंख्य नियमित पाठकहरू थिए र दिनानुदिन पाठक संख्या बढिरहेको थियो ।

एग्लान्टाइनले टोलीकी एक सदस्यका रूपमा लामो समयसम्म सो सहरमा रहेर मूल अखबारहरू अनुवाद गर्ने काम गरिन् । त्यस हैसियतले उनले क्याम्ब्रिज म्यागजिनका लागि जर्मनी तथा अष्ट्रियालगायत युरोपभरिका अखबारहरू अनुवाद र प्रकाशन गर्ने जिम्मा लिएकी थिइन् । उनलाई फ्रान्सेली तथा जर्मन दुवै भाषाको ज्ञान थियो जसले गर्दा उनी टोलीकी महत्वपूर्ण सदस्य सावित भइन् । तर सन् १९१५ मा स्वास्थ्य समस्याका कारण उनले पत्रिका सम्पादन गर्ने काम छोड्न बाध्य भइन् । सन् १९१६ मा एग्लान्टाइनको घाँटी (गलगाँड) को शल्यक्रिया गरियो ।



सन् १९१७ मा फेरि एग्लान्टाइनले डोरोथीलाई 'द क्याम्ब्रिज म्यागिजन' प्रकाशनमा सघाउन थालिन् । उनले इटालियन, स्वीस तथा फ्रान्सेली समाचारपत्रहरूका समाचारको अनुवाद तथा सम्पादन गर्ने जिम्मा लिइन् । यसरी यस पत्रिकामा काम गर्दा मानिसहरूलाई सहयोग गर्ने एग्लान्टाइनका दिदीबहिनीका अठोटलाई झनै उर्जा दियो । साथै यसले उनीहरूलाई युद्धका बारेमा युरोपेली समाजको अवस्थाबारे धेरै जान्ने व्यक्तिका रूपमा स्थापित पनि गर्‍यो । साथै समाचारले दैनिक आवश्यकताहरूप्रति आम मानिसको ध्यान खिच्न सफल भयो ।

युद्ध लम्बिँदै जाँदा केन्द्रीय शक्तिहरूविरुद्ध सन्धि राष्ट्रहरूद्वारा गरिएको नाकाबन्दीले गर्दा तिनका जनताहरू, खासगरी बालबालिकामा भयावह परिणामहरू देखा परे । निर्दोष नागरिकहरू निरन्तर रूपमा यस्तो पीडाको शिकार भइरहने कुराबाट एग्लान्टाइन तथा डोरोथीको टोली क्रुद्ध भए । सन् १९१९ को प्रारम्भमा डोरोथी तथा एग्लान्टाइनले भोकमरीविरूद्ध परिषद (फाइट द फेमिन काउन्सिल) को स्थापना गरे । यसको उद्देश्य सरकारलाई नाकाबन्दी तोड्न दवाव दिनुका साथै विश्वमा स्थायी शान्तिका लागि एउटा साझा संस्थाको स्थापना गर्न जोड दिनु थियो । यसले लिग अफ नेसन्सको स्थापना गर्नमा समेत बल पुर्‍याएको थियो ।

यसै परिषदले लण्डनमा आयोजना गरेको एक र्‍यालीमा भोकमरीग्रस्त बालक (ए स्टार्भिङ बेबी) भन्ने पर्चा बाँडिरहँदा एग्लान्टाइन पक्राउ परिन् । उक्त पर्चालाई सरकारी सेन्सर बोर्डले कानुनको विरुद्ध भएको ठानेकाले उनलाई जेलमा थुन्यो । सो अपराधवापत उनले ५ पौण्ड (वेलायती मुद्रा) जरिवाना तिर्नुपर्‍यो । अदालतको कारवाहीकै दौरानमा मुद्दाका सरकारी वकिलसँग नै उनले भोकमरीविरूद्धको परिषद्मार्फत् 'सेभ द चिल्ड्रेन' भन्ने नाराका साथ चन्दा सङ्कलन गरिन् । यसरी सर्वप्रथम 'सेभ द चिल्ड्रेन' अभियानको जन्म भयो ।



# सेभ द चिल्ड्रेन संस्थाको जन्म र विस्तार

सन् १९१९ सम्म आइपुग्दा बेलायतका जनता केन्द्रीय शक्तिहरूद्वारा छेडिएको लामो युद्धबाट थाकिसकेका थिए । तीमध्ये कतिपयले उक्त लडाइँमा आफ्ना प्रियजन गुमाइसकेका थिए । देशमा सम्झौताको भाव देखा परेको थियो र एउटा सानो जमात भोकमरीमा परेका शत्रु राष्ट्रका बालबालिकालाई समेत खुला हृदयले सहयोग गर्न तयार भएका पाइन्थे । युद्धका कारण बाबु तथा दाजुभाइ गुमाएका परिवारहरू तथा बालबालिकासमेतले तत्परताका साथ चन्दा दिएको देखेर सेभ द चिल्ड्रेनका अभियानकर्ताहरू उत्साहित भए । अन्य कतिपयले चाहिँ आफ्ना परिवारका सदस्य वा प्रियजन युद्धबाट सुरक्षित घर फर्किएकोमा आभारस्वरूप पनि चन्दा दिएका थिए ।

यिनै कुराहरूबाट उत्साहित भएर सन् १९१९ अप्रिल १५ मा एग्लान्टाइन र उनकी बहिनी डोरोथी मिलेर 'सेभ द चिल्ड्रेन फण्ड (बालबचाउ कोष)' खोल्न सहमत भए । सुरुमा यसले यूरोपभरिका बालबालिकालाई सहयोग प्रदान गर्ने लक्ष्य राखेको थियो । सोही वर्षको मे महिनामा एग्लान्टाइनले आफ्नी बहिनीको सहयोगमा लण्डनको अल्बर्ट हलमा आयोजित एक महत्वपूर्ण बैठकमा सेभ द चिल्ड्रेन फण्डको स्थापनाको औपचारिक घोषणा गरिन् ।

यसरी सुरूदेखि नै जनताले देखाएको उदारताबाट सन् १९१९ मा नै एग्लान्टाइनले सेभ द चिल्ड्रेनको कोषमा चारलाख पौण्ड सङ्कलन गर्न सकिन् । सन् १९२० मार्चमा सञ्चारमाध्यममार्फत् थालिएको प्रचार अभियानले सेभ द चिल्ड्रेनको काममा थप हौसला प्रदान गऱ्यो ।

सन् १९२२ सम्म आइपुग्दा सेभ द चिल्ड्रेन फण्ड आफ्नो लक्ष्यमा सफलतापूर्वक अगाडि बढेको देखिन थालिसकेको थियो र यो बेलायतका ठूला कल्याणकारी कोष (च्यारिटी) हरूमध्ये एक भइसकेको थियो । यसले कम खर्चमा छिटो सहायता पुऱ्याउने संस्थाको रूपमा समेत ख्याति आर्जन गरिसकेको थियो । सन् १९२१ मा रूसको भोल्गाक्षेत्रमा परेको खडेरीमा यो संस्था त्यहाँका बालबालिकालाई थोरै खर्चमा नै सफलतापूर्वक गासबासको व्यवस्था गर्न सक्षम भएको थियो ।

एग्लान्टाइनले सेभ द चिल्ड्रेनका लागि कोष सङ्कलन गर्न सबै आधुनिक सञ्चारका साधनको सकेसम्म उपयोग तथा परिचालन गरिन् । प्रचारप्रसारको आधुनिक शैली, काममा व्यावसायिकता तथा जिम्मेवारीबोधले गर्दा त्यस बेलासम्म सेभ द चिल्ड्रेन फण्ड निकै विशाल एवं सफल भएको थियो । यसैले गर्दा सेभ द चिल्ड्रेन फण्डले युद्धबाट प्रभावित भएका विभिन्न ठाउँका बालबालिका र परिवारहरूलाई सहयोग पुऱ्याउन सफल भयो ।

एग्लान्टाइन आफ्नो 'अभियान' प्रति सबैलाई प्रेरित गर्थिन् । अग्ली, दुब्ली र भर्खरै कपाल फुलेकी एग्लान्टाइनलाई एकजना सहकर्मीले 'सेतो राप' नाम राखेका थिए । सधैँ अघि बढिरहने उनको इच्छाशक्ति तथा दृष्टिकोणले उनका हरेक साथीलाई चकित तुल्याउने हुँदा साथीहरूसमेत यही नामले उनलाई सम्बोधन गर्ने गर्दथे ।

संस्थाको संस्थागत विकास हुँदै जाँदा सेभ द चिल्ड्रेनले आपतकालीन राहतका साथसाथै समुदायलाई सशक्तीकरण गर्ने परियोजनाहरूमा रचनात्मक सहयोग गरी आफ्नो काममा विविधता ल्याइरहेको थियो । एग्लान्टाइनलाई निकै मन पर्ने परियोजनामध्ये 'कार्य स्कूल' (काम गर्दै पढ्ने स्कूल) एउटा थियो । यहाँका विद्यार्थीहरू स्कूल जाने उमेर पार गरिसकेका हुन्थे भने व्यावसायिक रूपमा काम गर्न अझ सानै हुन्थे । यहाँ पढ्न जान्ने बालबालिकाले नजानेका बालबालिकालाई पढ्न सघाउँथे । 'कार्य स्कूल' आपसी सहयोग तथा मेलमिलापको सिद्धान्तमा आधारित भई सञ्चालन हुन्थ्यो । यहाँ बालबालिका समूहमा काम गरी हस्तकलासम्बन्धी सीप सिक्थे । यहाँका बालबालिकाका अनुशासन कायम गरी सिक्ने सिकाउने गर्थे तथापि सबै बालबालिकालाई आफ्नो भावना पोख्ने मौका दिइन्थ्यो ।

सन् १९१९ मा सेभ द चिल्ड्रेनको पहिलो शाखा स्कटल्याण्डमा खोलिएको थियो । यसले स्थानीय समुदायमार्फत् संस्थाका लागि कोष सङ्कलन गर्ने नौलो तरिकाको पनि सुरूवात गराएको थियो । त्यसैगरी सन् १९२० को जनवरी ६ मा एग्लान्टाइनले जेनेभामा सेभ द चिल्ड्रेनको

**सेभ द चिल्ड्रेनजस्ता अभियानमा काम गर्ने व्यक्तिहरूले के कुराबाट महान प्रेरणा प्राप्त गर्दछन् भने उनीहरू आफूलाई अन्य राष्ट्रका मानिसहरूसँग काम गरिरहेका छन् र तिनको उद्धेश्य र हृदय एकसमान छन् । उनीहरू समान उद्धेश्यप्राप्तिका लागि ठूलो योगदान गरिरहेका छन् र तिनका अभिरूचि पनि समान हन्छन् । यी सबै कुराले तिनलाई आफना समान आदर्शलाई समान भाषामा अभिव्यक्त गर्न हौस्याउँछ ।**

**-एग्लान्टाइन जेब**

अन्तर्राष्ट्रिय युनियनको शुरुवात गरिन् । युनियनको पहिलो सम्मेलन सोही वर्ष फरवरी महिनामा सम्पन्न भयो । सम्मेलनमा प्रथम विश्व युद्धको चपेटामा परेका सबै पक्षका मानिसहरूको सहभागिता रहेको थियो । तर बिरामी भएकीले एग्लान्टाइन स्वयं भने सो सम्मेलनमा सहभागी हुन सकिनन् ।

सम्मेलनपछि एग्लान्टाइनले जेनेभास्थित अन्य सङ्गठनहरूसँग राम्रो सम्वन्ध स्थापित गरिन्। यसो भएपछि रेडक्रसजस्ता अन्तर्राष्ट्रिय संगठनहरूले सेभ द चिल्ड्रेनको अन्तर्राष्ट्रिय कोषलाई सहयोग गर्न थाले । एग्लान्टाइन यस्तो अन्तर्राष्ट्रिय सम्बन्धविस्तारबाट निकै प्रसन्न भइन् । उनी बालबालिकालाई सघाउन तथा तिनीहरूबारे बोल्न विश्वव्यापी रूपमा नै सहयोगको चाहना राख्दथिन् । सेभ द चिल्ड्रेनको अन्तर्राष्ट्रिय युनियनको स्थापना गरेर एग्लान्टाइन बालकल्याणकारी संस्थाहरू समूहमा संगठित भएर सबै मिलेर काम गरून् भन्ने चाहन्थिन् । जसले आर्थिक सहयोगमात्र वितरण नगरी बालअधिकारका क्षेत्रमा अनुसन्धान तथा विकास केन्द्रका रूपमा समेत काम गर्न सकून् । यस्ता संस्थाले मिलेर हरेक देशका बालबालिकालाई जातीय, साम्प्रदायिक वा राजनैतिक पूर्वाग्रह नराखी सहयोग गरोस् र एक समाजका रूपमा काम गर्न सकोस् भन्ने उनको उत्कट आकांक्षा थियो ।

एग्लान्टाइन हरेक देशले आफ्ना जनतालाई आफ्नै तवरले सहयोग गर्नुपर्छ र वाह्य सहयोगमा मात्रै भर पर्नु हुन्न भन्ने मान्यता राख्दथिन् । त्यसैले युद्धपीडितलाई मात्र नभई हरेक देशका विस्थापित वा सुविधाबाट वञ्चित भएका बालबालिकालाई पनि सहयोग प्रदान गर्ने कुरामा जोड दिन थाल्यो । एग्लान्टाइनको विश्वास के थियो भने बालबालिकाको आवश्यकता नै देशको सबैभन्दा ठूलो आवश्यकता हो । उनी भन्थिन्- “वास्तवमा बालबालिकाको हरेक पिँढीले मानवजातिलाई ध्वस्त संसारको पुनर्निर्माण गर्ने सम्भावना प्रदान गर्दछ ।” उनी बालबालिकामार्फत् नै संसारमा स्थायी शान्ति आउँछ भन्ने कुरामा आशावादी थिइन् र यसैमा दृढ विश्वास रांख्दथिन् ।


सन् १९१९ र १९२० मा सेभ द चिल्ड्रेनले प्रथम विश्वयुद्धका विजेता तथा पराजित दुवै पक्षका देशका मानिसहरूलाई समानरूपले सहयोग प्रदान गरेकोमा धेरै विरोध खप्नुपऱ्यो । तर आफ्नो महान् उद्देश्यमा स्पष्ट र दृढ निश्चयी एग्लान्टाइन यसलाई उतिसारो वास्तै नगरी आफ्नो अभियानमा जुटिरहिन् ।

सन् १९१९ मा एग्लान्टाइनले पुनः बाल्कन्सको भ्रमण गरिन् । अनि सोही वर्ष दिसम्बरमा रोममा उनको पोपसँग महत्वपूर्ण भेटघाट गरिन् । सोही भेटघाटका दौरान पोपले समेत सेभ द चिल्ड्रेनको अभियानलाई समर्थन गरे र चर्चमार्फत् अर्थसङ्कलन गर्न डिसेम्बर २८ तारिखलाई ‘अर्थसङ्कलन दिवस’ का रूपमा खास दिनसमेत घोषणा गरे ।

त्यतिखेरै रूसको भोल्गाक्षेत्रमा ठूलो खडेरी लाग्यो । सेभ द चिल्ड्रेनले त्यहाँ नयाँ उत्साहका साथ काम गरेको घटनाले एग्लान्टाइन र डोरोथीलाई सेभ द चिल्ड्रेनलाई स्थायी संस्थाको रूपमा स्थापित गर्नुपर्ने र यसका कामलाई कालान्तरसम्म निरन्तरता दिनुपर्ने आवश्यकता महसूस गरायो ।

सेभ द चिल्ड्रेन फण्डको प्रथम अध्यक्षका हैसियतले सन् १९२२ मा भनिन्, "... **सेभ द चिल्ड्रेन फण्डको काम रचनात्मक तथा सुखदायक छ ... हाम्रो प्रयास हामीलाई दिइएको रकम भरसक उचित र समानुपातिक रूपमा सधैँ बालबांलिकाको स्थितिमा स्थायी रूपले परिवर्तन गर्ने खालको काममा समर्पित हुनु हो ।"**

व्यावसायिक शैली तथा आवश्यक ठाउँमा रकम र सहयोग पुगोस् भन्ने तत्परतापूर्ण कार्यले सेभ द चिल्ड्रेनलाई विश्वस्तरको अग्रणी संस्थाका रूपमा ख्याति प्रदान गऱ्यो । एग्लान्टाइनको चिन्तन गर्ने शैली अथवा भनौं उनका सिद्धान्त वा नीतिहरू एवं अथक प्रयासबाट निर्देशित भएर सेभले काम गरेकोले नै यसो हुन सम्भव भएको थियो । ठूलाठूला विपत्तिका समयमा मात्र पनि बालबालिकाका समस्याप्रति आम मानिसको ध्यान केन्द्रित गर्न सकिएमा सेभ द चिल्ड्रनले महत्वपूर्ण रूपमा बालबालिकालाई स्थायी सहयोग गर्न उनीहरूको समर्थन पाउन सक्नेछ । तसर्थ सेभको कार्यशैली परिवर्तन गर्नुपर्छ र बालबालिकाको जीवनमा स्थायी वा दीगो रूपमा परिवर्तन गर्न सकिन्छ भन्ने तथ्यलाई उजागर गऱ्यो ।






# बालअधिकारको घोषणा

एग्लान्टाइन जेबलाई प्रष्टरूपमा के थाहा थियो भने सेभ द चिल्ड्रेन आपत्कालीन राहत प्रदान गर्ने संस्थाभन्दा माथि उठ्नुपर्दछ । त्यसैले उनी सेभ द चिल्ड्रेनलाई एउटा यस्तो संस्थामा परिणत गर्ने उपाय खोज्दै थिइन् जसले सबै बालबालिकाका आवश्यकता तथा कल्याणका लागि बोल्ने र प्रचारप्रसार गर्नेछ ।

उनको विचार, सोच र कार्यशैली स्वाभाविक रूपले आँटिलो र दूरदर्शी थियो । उनले बालबालिकाका अधिकार तथा कल्याण गर्नु, आफ्ना विश्वभरि प्रमुख मुद्दा बन्नेछ भनी निश्चित गर्न सकियोस् भन्ने किसिमको योजना बनाइन् । सर्वप्रथम् उनले आफ्नो दृष्टिकोण समेटिएको बालबालिकाका अधिकारहरूबारे सरल भाषामा लेखिएको एक वक्तव्य निकालिन् । यसमा बालबालिकासँग गरिने हरेक व्यवहारमाथि प्रभाव पार्ने पक्षहरूलाई समावेश गरिएको थियो ।



सन् १९२३ मा एग्लान्टाइनद्वारा तयार पारिएको बालअधिकारको घोषणालाई 'जेनेभा घोषणापत्र' का नामले समेत चिनिन्छ । यसो भनिनुको मुख्य कारण के थियो भने उनले यस घोषणापत्रको अवधारणा र खाका जेनेभानजिकको सामेल पर्वतको पैदलयात्राका दौरानमा तयार गरेकी थिइन् । पछि यसलाई जेनेभामा सार्वजनिक गरिएको थियो ।

एग्लान्टाइनद्वारा प्रतिपादित बालअधिकारको घोषणालाई इन्टरनेसनल सेभ द चिल्ड्रेन युनियनबाट तत्काल अङ्गीकार र प्रवर्द्धन गरियो । एक वर्षमै सो घोषणापत्रलाई लीग अफ द नेसन्स (संयुक्त राष्ट्रसंघको पूर्वरूप) द्वारा स्वीकार भयो र यसले स्थायी अन्तर्राष्ट्रिय महत्व बोक्न पुग्यो । सन् १९८९ मा संयुक्त राष्ट्रसंघबाट पारित बालअधिकारसम्बन्धी महासन्धिको प्रारूप एग्लान्टाइनले तयार पारेको यही मूल आलेखबाट लिइएको थियो ।

"जेनेभा घोषणापत्र" ले सबै राष्ट्रका सबै पुरुष तथा महिलालाई मानवजातिले बालबालिकालाई आफूले दिनुपर्ने सर्वोत्तम कुरा दिनुपर्छ भन्ने कुराको बोध गराएको छ । एग्लान्टाइनले बालअधिकार घोषणामार्फत् जाति, राष्ट्रियता वा धर्मभन्दा पर पनि बालअधिकारका निम्नलिखित कुरा रहेका छन् जसलाई वयस्कहरूले आफ्नो कर्तव्यको रूपमा स्वीकार गर्नुपर्दछ ।

बालअधिकारको जेनेभा घोषणाका पाँच बुँदा यसप्रकार छन् :

१. बालबालिकालाई भौतिक तथा आध्यात्मिक दुवै रूपमा सामान्य विकास गर्नका लागि चाहिने सबै पूर्वाधार प्रदान गरिनुपर्दछ ।
२. भोको बालबालिकाले खान पाउनुपर्छ, बिरामी बालबालिकाले स्याहार, उपचार पाउनुपर्छ, शारीरिक वा मानसिक रूपले अपाङ्गता वा अशक्तता भएका बालबालिकाले उचित तालिम र शिक्षा पाउनुपर्छ, बालबिज्याइँमा परेका बालबालिकाले उचित पुनर्स्थापनाको अवसर पाउनुपर्दछ, अनाथ एवं परिवारविहीन बालबालिकाले आश्रय पाउनुपर्छ ।
३. दुःख, सङ्कट, प्रकोप परेका बेलामा सबभन्दा पहिले बालबालिकाले उद्धार कार्यको सेवा पाउनुपर्छ र विपत्तिमा सर्वप्रथम राहत पाउने व्यक्ति बालबालिका नै हुनुपर्छ ।
४. बालबालिकाले आफ्नो जीवन धान्ने गरी कमाउन सक्ने हुनको लागि आवश्यक र उचित अवसर र तालिम समयमै पाउनुपर्छ र उनीहरूले हरेक किसिमको शोषणबाट संरक्षण पाउनुपर्छ ।
५. बालबालिकालाई उसको प्रतिभालाई मानव समुदायको सेवामा समर्पित गराउन सकियोस् भन्ने बोध वा ज्ञानका साथ हुर्काइनुपर्छ ।

एग्लान्टाइनद्वारा सन् १९२३ मा लिखित बालअधिकारको घोषणा सर्वप्रथम सेभ द चिल्ड्रेनको पत्रिका "द वर्ल्ड्स चिल्ड्रेन" (विश्वभरिका बालबालिका) मा प्रकाशित भयो । यसलाई सेभ द चिल्ड्रेन इन्टरनेसनल युनियनबाट तत्काल स्वीकार गरियो र सन् १९२४ मा लीग अफ नेशन्सद्वारा अरू दुई बुँदा थप गरेर अङ्गीकार गरियो । यसरी ५ अनुच्छेदको बालअधिकार

घोषणा सन् १९५९ मा ७ अनुच्छेदको हुन पुग्यो । सन् १९५९ मा संयुक्त राष्ट्रसंघको बालअधिकार घोषणा (डिक्लरेसन अन द राइट्स अफ द चाइल्ड) का आधार पनि यही घोषणापत्र हुन पुग्यो, जुन यसप्रकार छन् :

१. बालबालिकालाई भौतिक तथा आध्यात्मिक दुबै रूपमा सामान्य विकास गर्नका लागि चाहिने सबै पूर्वाधार प्रदान गरिनुपर्दछ ।
२. भोको बालबालिकाले खान पाउनुपर्छ, विरामी बालबालिकाले स्याहार, उपचार पाउनुपर्छ, शारीरिक वा मानसिक रूपले अपाङ्गता वा आशक्तता भएका बालबालिकाले उचित तालिम र शिक्षा पाउनुपर्छ, बालबिज्याईँमा परेका बालबालिकाले उचित पुनर्स्थापनको अवसर पाउनुपर्दछ, अनाथ एवं परिवारविहिन बालबालिकाले आश्रय पाउनुपर्छ ।
३. दु:ख, संकट, प्रकोप परेको बेलामा सबभन्दा पहिले बालबालिकाले उद्धार कार्यको सेवा पाउनुपर्छ र विपत्तिमा सर्वप्रथम राहत पाउने व्यक्ति बालबालिका हुनुपर्छ ।
४. सामाजिक सेवाबाट बालबालिकाले परिपूर्ण लाभ पाउनुपर्छ । बालबालिकाले आफ्नो जीवन धान्ने कमाउन सक्ने हुनको लागि आवश्यक र उचित अवसर र तालिम समयमै पाउनुपर्छ र उनीहरूले हरेक किसिमको शोषणबाट संरक्षण पाउनुपर्छ ।
५. बालबालिकालाई उसको प्रतिभालाई मानव समुदायको सेवामा समर्पित गराउन सकियोस् भन्ने वोध वा ज्ञानका साथ हुर्काइनुपर्छ ।
५. बालबालिकालाई उसको प्रतिभालाई मानव समुदायको सेवामा समर्पित गराउन सकियोस् भन्ने वोध वा ज्ञानका साथ हुर्काइनुपर्छ ।
६. परिवारलाई उचित सम्मान दिंदै परिवार भित्र बालबालिकलाई उचित स्याहार सुसार पु-याउनुपर्छ ।
७. बालबालिकाले नैतिक, आध्यात्मिक, शारीरिक, मानसिक र बस्तुगत आधारमा सम्पूर्ण रूपमा उचित विकासका लागिसबै सुविधाहरू पाउनुपर्छ र यसो गर्दा नैतिकता, जात, जातियता, वर्ण, धर्मका घेरा पार गरेर बालबालिकालाई भेदभाव विहिनरूपमा अवसर प्रदान गरिनुपर्छ ।

बालअधिकारको घोषणालाई अभियानको मुख्य नाराका रूपमा प्रयोग गरी त्यसलाई विश्वभरि घन्काउनुका साथै सेभ द चिल्ड्रेनले प्रभावकारी सहयोगका स्वरूपबारे गम्भीर अनुसन्धान गऱ्यो । यी सबैमा संस्था 'सहयोग सहयोगको बदलामा दिइनुपर्छ' भन्ने एगलान्टाइनको विश्वासबाट निर्देशित थियो । साथै कर्मचारीको क्षमता अभिवृद्धिका लागि सेभ द चिल्ड्रेनका कर्मचारीहरूका लागि ग्रीष्मकालीन प्रशिक्षण स्कूल जेनेभामा सञ्चालन गरियो । सेभ द चिल्ड्रेनले सन् १९२५ मा पहिलो इन्टरनेसनल बालकल्याणकारी सम्मेलन (चाइल्ड वेलफेयर काँग्रेस) को आयोजना गऱ्यो ।



# बालअधिकारको दावी

बेलायतमा आएको आर्थिक मन्दी तथा विश्वव्यापी निराशाको कारण सेभ द चिल्ड्रेन फण्डको आम्दानी घट्न थाल्यो र संस्था सजिलै कुनै पनि बेला बन्द हुन सक्ने अवस्थामा समेत पुगेको थियो । तर सेभ द चिल्ड्रनसँग सबैको ध्यान केन्द्रित गर्ने शक्तिशाली र स्पष्ट लक्ष्यसहितको अभियान भएकोले संस्थाले बालबालिकाका लागि सकारात्मक परिवर्तन ल्याउने अभियानलाई जारी राख्न जनसमुदायको सहयोगलाई परिचालित गरिरहन सफल भयो ।

आफ्नो अभियान पूरा गर्न सधैं संघर्षरत रहने हुँदा जेबको जीवन कहिल्यै उराठलाग्दो भएन । उनका समकालीनहरू जुनसुकै कारणले आफ्ना आदर्शबाट विचलित नहुने उनको अठोटको मुक्त कण्ठले प्रशंसा गर्दछन् । तिनीहरू उनको आकर्षक वा प्रभावशाली व्यक्तित्व र विनोदशील स्वभावबारे पनि कुरा गर्छन् जसले मानिसलाई उनको उद्देश्यबारे सहमत हुन बाध्य बनाउँथ्यो ।

एग्लान्टाइनलाई निरन्तर पिरोलिरहने विषयहरूमध्ये शरणार्थी समस्या सन् १९१३ मा म्यासिडोनियामा शरणार्थीहरूले भोगेको पीडाको प्रत्यक्ष अनुभव ताजै थियो । सन् १९२५ मा बाल्कन्समा शरणार्थीहरूको पीडा आफैं पुगेर बुझ्ने उद्देश्यले उनी त्यहाँको भ्रमणमा गएकी थिइन् । एग्लान्टाइन शरणार्थीहरूलाई सामान्य आपातकालीन राहत मात्र प्रदान गर्नुभन्दा स्थायी समाधान गर्नुपर्ने कुरामा जोड दिन्थिन् । सोही आदर्श अनुसार सन् १९२५ मा सेभ द चिल्ड्रेनले बुल्गेरियामा केही जग्गा किनी त्यसमा शरणार्थीहरूका लागि घरखेत बनायो र आफ्ना परिवारलाई स्वयं भरणपोषण गर्न उक्त जग्गा तिनीहरूलाई हस्तान्तरण गऱ्यो ।

सेभ द चिल्ड्रेनसँग दश वर्षसम्मको कामले एग्लान्टाइनको नाजुक स्वास्थ्यलाई झनै कमजोर तुल्याइदिएको थियो । तर उनले कहिल्यै हार मानिनन् । त्यतिञ्जेलसम्म उनी लीग अफ द नेसन्सको बालसंरक्षण समितिकी मूल्याङ्कनकर्ता भइसकेकी थिइन् । यसबेला उनले युरोपबाहिर भ्रमण गर्नु महत्वपूर्ण हुने ठानिन् । यसको अर्थ विश्वका सबै बालबालिकासँग वा उनीहरूको लागि काम गर्नु थियो ।



# एग्लान्टाइनको स्वर्गारोहण

एग्लान्टाइन सन् १९२८ को अन्त्यतिर जेनेभामा सिकिस्त बिरामी भइन् । सोही वर्ष जुन महिनामा उनको लगालग तीनपल्ट अप्रेसन भएको थियो । जेनेभाको एक नर्सिङ होममा स्वास्थ्य उपचार गरिरहँदा उनको जीवन चाँडै नै अन्त हुँदै छ भनी चिकित्सकले इङ्गित गरेका थिए । सन् १९२८ डिसेम्बर १७ मा ५२ वर्षका उमेरमा उनको मृत्यु भयो । उनको अन्तिम क्रियाकर्म सेन्ट पीटर्सवर्ग र लण्डनमा फिल्ड्सको सेन्ट मार्टिनमा एकैपल्ट आयोजना गरिएको थियो । उनलाई जेनेभास्थित सेन्ट जर्जको कब्रिस्तानमा समाधिस्त गरियो ।

बेलायतको फिल्ड्सस्थित सेन्ट मार्टिनमा आयोजित स्मृति सभामा उनका साथी तथा सहकर्मीहरूका साथसाथै लब्धप्रतिष्ठित व्यक्तिहरूको ठूलै जमात उपस्थित थियो । लण्डन मुख्यालयबाट सेभ द चिल्ड्रनका कर्मचारीहरू सो विशाल जनसमूहमा सामेल भएका थिए । केही महिनापछि नै सेभ द चिल्ड्रेनले आफ्नो स्थापनाको दशौँ वार्षिकोत्सव मनायो ।

एग्लान्टाइन जेब साहसी, दृढ प्रतिज्ञा र विश्वभरिका बालबालिकाका अधिकार रक्षा गर्न कटिबद्ध व्यक्तित्व थिइन् । उनी उच्च महत्वाकाँक्षा भएकी महिला थिइन् र आफ्नो लक्ष्य प्राप्तिमा उच्च प्रविधि उपयोग गर्थिन् । यिनै उच्च गुण र स्वभावका कारण अहिले पनि सेभ द चिल्ड्रेनले आफ्नो संस्थापिकाको विशिष्ट छाप बोकेको छ र अद्यावधि तिनको सपनालाई मूर्त रूप दिन प्रयासरत छ ।



# एग्लान्टाइनका मूल्यमान्यता, विचार र दृष्टिकोणहरू

एग्लान्टाइन अस्वस्थ रहँदा पनि अरूको कल्याणका लागि निःस्वार्थ भावले अथक प्रयास गरिरहन्थिन् । उनी शान्तिवादी, प्रजातन्त्रवादी, समानतावादी र बुद्धिजीवी व्यक्तित्व थिइन् । उनले आफ्ना साहित्यसम्वन्धी अभिरूचिलाई पनि अक्षुण्ण राखेकी थिइन् । उनी कटिबद्ध इसाई थिइन् । तापनि उनी कहिल्यै अरूमाथि आफ्नो धर्म थोपर्दिनथिन् । एग्लान्टाइन सच्चा ब्रह्माण्डवादी थिइन् । उनले आफूसँग काम गर्ने वा आफूले सघाउने व्यक्तिहरूलाई जातीयता, राजनैतिक वा धार्मिक आस्थाका आधारमा भेदभाव गर्दिनथिन् ।

केही व्यक्तिले उनलाई रहस्यमयी र दिवास्वप्न देख्ने व्यक्ति ठाने पनि उनी व्यावहारिक चिन्तक तथा सच्चा नेतृत्वकर्ता थिइन् । उनी सधैं नयाँनयाँ काम खोजिरहन्थिन् । एग्लान्टाइन सधैं अल्पकालीन वा टालटुले उपायहरूको सट्टा समस्याको फेदैमा पुगेर वास्तविक समाधानको खोजी गर्थिन् । उनी हरेक काम कडा परिश्रमसाथ गर्थिन् ।

उनमा यी मूल्यमान्यता केही हदमा पारिवारिक पृष्ठभूमिबाट निर्माण भएका थिए भने केही बाल्कन्स तथा अन्य क्षेत्रमा काम गरेर बटुलेका अनुभवमा आधारित थिए । सही गलतको उच्च ज्ञानले उनलाई आफूले भेटेका अभावग्रस्त मानिसहरूको दुःख-पीडा निवारण गर्न हौस्यायो ।

एग्लान्टाइनको दृष्टिकोण सबै बालबालिकाको जीवन सुधार्नु थियो । त्यसका लागि उनी विकास प्रक्रिया, स्वयंसेवा, आर्थिक सहयोग तथा व्यावसायिक व्यवस्थापन कार्यक्रमहरूमा वैज्ञानिक प्रक्रिया उपयोग गर्थिन् । बालबालिकाको कल्याणप्रतिको लगावले उनलाई सधैं अघि बढ्न हौस्याउने र प्रेरणा दिने गरेको थियो । उनी आफ्ना विचारहरू खासगरी 'बालअधिकार घोषणापत्र' मा अभिव्यक्त विचारलाई मूर्तरूप दिन दीर्घकालीन कार्ययोजनामा परिणत गरी वास्तविकतामा उतार्न सफल भएकी थिइन् । उनले सुरु गरेको बालअधिकार अभियानले उनको जीवनकालमा मात्र नभएर उनको मृत्युपछि पनि विश्वलाई प्रभावित गरिरहेको छ ।

> एग्लान्टाइन कामका दौरान निकै भ्रमण गर्थिन् । उनीसँग यात्रा गर्नु आनन्ददायी हुन्थ्यो यद्यपि उनको नाजुक स्वास्थ्यले कहिलेकहीं चिन्तासमेत उत्पन्न गर्थ्यो । उनीसँग भ्रमण गर्ने साथीहरूको जिम्मेवारी उनलाई च्यानल स्टीमरबाट स्ट्रेचरमा झार्नुदेखि लिएर आगामी भाषणको पूर्वाभ्यासमा आम स्रोताका रूपमा अभिनय गर्नुसम्म हुन्थ्यो । उनी रेलको डिब्बालाई पनि अफिसमा परिणत गर्न मन पराउँथिन् । मलाई बुडापेस्टदेखि ओस्तेन्दसम्मको एक यस्तो यात्राको सम्झना आउँछ जहाँ उनी ब्युँझिरहँदा प्रायः केही टिपाइरहन्थिन् र म त्यसलाई टाइप गरिरहन्थेँ । त्यसो गर्दा उनी निकै खुशी हुन्थिन् ।
>
> -एड्वर्ड फुल्लर

एग्लान्टाइनका मूल्यमान्यता, विचार र दृष्टिकोणलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

**सक्षमता**

एग्लान्टाइनले आफ्नो कामका सम्वन्धमा प्रस्ट सिद्धान्तहरू प्रतिपादन गरेकी थिइन् । यसले उनको मृत्युपश्चात् पनि सेभ द चिल्ड्रेनका कर्मचारीहरूलाई बालबालिकाका हकहितमा आफ्ना कार्यक्रम तर्जुमा गर्न सघाइरहेको पाइन्छ । एग्लान्टाइन एक उत्कृष्ट सङ्गठनकर्ता थिइन् । उनी सधैं व्यावहारिक तथा दीर्घकालीन कार्यक्रम तयार पार्न सघाउँथिन् । सेभ द चिल्ड्रेनको वेबसाइटमा उनको सोचलाई यसरी सूचीवद्ध गरिएको छ :

- सहयोग सुनियोजित तथा वैज्ञानिक पद्धतिबाट दिइनुपर्छ ।
- सहयोग दिनुभन्दा अघि अवस्था तथा आवश्यकताको राम्रोसँग अनुसन्धान हुनुपर्छ ।
- सहयोग (व्यक्तिलाई भन्दा) परिवारहरूलाई प्रदान गर्नुपर्छ ।
- सहयोग कुनै साम्प्रदायिक आधारबाट अलग रहेर आवश्यकता हेरी प्रदान गर्नुपर्छ ।
- सहयोग व्यक्ति वा लक्षित समुदायलाई रचनात्मक र स्वावलम्वी बनाउने खालको हुनुपर्छ ।

- सहयोगले आफ्नो जीवनमा परिवर्तन ल्याउन सक्रिय रहन व्यक्ति र समुदायलाई प्रोत्साहित गर्नुपर्छ ।
- सहयोगले अरूलाई त्यस्तै खालको काम गर्न हौस्याउने खालको हुनुपर्छ ।

एग्लान्टाइनले सदैव सेभ द चिल्ड्रेनलाई आधुनिक व्यवस्थापन प्रविधि उपयोग गरी सञ्चालन गर्नुपर्छ भनी जोड दिएकी थिइन् । उनले खालि 'कुराकानीको खेती' गर्नुभन्दा संस्थाका विशिष्ट लक्ष्यहरू हासिल गर्न अन्तर्राष्ट्रिय बैठक तथा सम्मेलनहरू आयोजना गरेका अनेकौं उदाहरण छन् ।

इन्टरनेसनल सेभ द चिल्ड्रेन युनियनको शुभारम्भ पछि एग्लान्टाइनले प्रतिपादन गरेको वालअधिकार घोषणापत्रमा बालवालिकाको जीवनमा सर्वाधिक प्रभाव पार्ने खालका विषयहरू थिए । उक्त घोषणाले उनको आकांक्षालाई मात्र प्रतिध्वनित नगरी बालवालिकाका लागि नगरी नहुने कार्यका लागि समेत वाटो खोल्यो र बालबालिकाका विषयमा विश्वले गर्दै आएको चिन्तन तथा कार्यशैलीमा नै परिवर्तन गरिदियो ।

**बालअधिकारसम्बन्धी घोषणापत्रका दश बुँदाहरू :**

१. बाबुआमा, व्यक्ति अथवा परिवारको मायाममता र समझदारीमा बालबालिका हुर्किनुपर्छ र हरेक क्षेत्रमा (शारीरिक, मानसिक, बौद्धिक, समाजिक, साँस्कृतिक) विकसित हुनुपर्छ ।
२. आफ्नो न्यूनतम शारीरिक आवश्यकताहरूको परिपूर्ति गर्नका लागि चाहिने खानेकुरा बालबालिकाले पाउनुपर्छ ।
३. शिशुका स्वास्थ्य र विकासलाई टेवा पुऱ्याउनुपर्छ ।
४. शिशुले उचित आश्रय, आवास पाउनुपर्छ ।
५. बालबालिकाले न्यूनतम रूपमा आधारभूत शिक्षा पाउनुपर्छ ।
६. बालबालिकाले आफ्नो जीवन रमाएर जिउने र सम्भावनाहरूको विकास गर्न पाउनुपर्छ र आफ्नो जातीय परिचय र संस्कृतिको संरक्षण गर्न पाउनुपर्छ ।
७. आ-आफ्नो क्षमता, रूचि र सम्भावनाअनुरूपको पेशा अपनाउन बालबालिकाले उचित शिक्षा र तालिम पाउनुपर्छ ।
८. हरेक बालबालिकाले आ-आफ्नो विचार अभिव्यक्त गर्ने मौका पाउनुपर्छ ।
९. सरकारी र गैह्रसरकारी क्षेत्रमा चाहिने समयमा काम पाउने सुविधा उपलब्ध हुनुपर्छ ।
१०. बालबालिकाले आ-आफ्नो आधारभूत अधिकार र रूचिबारे जानकारी लिने र अधिकारको संरक्षण गर्ने मौका पाउनुपर्छ ।

## सशक्तीकरण

एग्लान्टाइनले अति प्रस्ट रूपमा सेभ द चिल्ड्रेनका क्रियाकलापमार्फत् बालबालिका (र, तिनका परिवार) लाई पीडादायी वातावरणबाट उम्कन सशक्तीकरण गरिन् । उनले आफूसँग काम गर्ने व्यक्तिहरूलाई सशक्त तुल्याउन पनि प्रयत्नरत रहिन् । सेभका कर्मचारीलाई सधैँ विश्वास गर्नु उनको सफलताको पहिलो कारक थियो । उनको जीवनका तीन कडीका रूपमा उद्देश्यप्रति दृढता, व्यवसायिकता र कडा परिश्रम (लगन) लाई लिन सकिन्छ । यसरी उनी सहकर्मीहरूलाई सशक्तीकरण गर्ने सन्दर्भमा तिनीहरूलाई स्वतन्त्र भई काम गर्ने मौका र स्थान दिन्थिन् भने त्यसबाट आउने परिणामका लागि पनि तिनलाई नै जिम्मेवार ठह्याउँथिन् ।

धर्म तथा संस्कृतिहरूप्रति आफ्नो ब्रम्हाण्डवादी शैलीले गर्दा सशक्तीकरणको उनको परिभाषाले परम्परागत सीमालाई नाघेकोले धेरै मानिसहरू साझा उद्देश्यका लागि एकजुट हुन थाले । र, यसरी तिनीहरूले आफूलाई एक सूत्रमा बाँधिरहने मूल्यमान्यता तथा कार्यक्रमहरूसमेत पत्ता लगाए । साथै विभिन्न देशमा सेभ द चिल्ड्रेन समूहहरूको सञ्चालनले सेभ द चिल्ड्रेनको लक्ष्य प्राप्तिका लागि तिनलाई सशक्त तुल्यायो । यसरी हेर्दा एग्लान्टाइनमा 'सशक्तीकरण गर्ने' नेतृका विशिष्ट लक्षणहरू प्रस्ट देखिन्थे । उनी मानिसलाई विश्वास गर्ने, मूल्यमान्यता तथा सिद्धान्तद्वारा निर्देशित भएर नेतृत्व गर्ने स्वभाव भएकी शक्तिशाली व्यक्तित्वकी धनी थिइन् ।

## शक्तिसञ्चार

एग्लान्टाइनले बेलायतमा आफ्नो मुद्दाका दौरान सरकारी वकीलसँग सेभ द चिल्ड्रेनका लागि चन्दा दिन बाध्य गरिन् । त्यसैगरी उनले अनेक विरोधका बावजूद सेभ द चिल्ड्रेन फण्डको सार्वजनिक उद्घाटन समारोहको अध्यक्षता गरिन् । उनले पोपलाई सेभ द चिल्ड्रेनलाई समर्थन गर्न भनिन् । एग्लान्टाइनले आधुनिक प्रचारप्रसारका माध्यमहरूको प्रयोग गर्न पनि प्रोत्साहन दिइन् । यी विधिहरूले सेभ द चिल्ड्रेन र यसका कार्यक्रमहरूको आयवृद्धि गर्न निकै योगदान दियो ।

त्यसैगरी एग्लान्टाइनले सम्भावित दाताहरूको सहयोग मात्र नजुटाई सहयोग प्राप्त गर्नेहरूलाई आफ्नो विकास आफैँ गर्न सहयोग गर्ने तरीकाहरूसमेत उपयोग गरिन् । यसबाट दाताहरूमा सहयोग गर्ने चाहना बढ्यो भने सहयोग प्राप्त गर्ने व्यक्ति, परिवार र समुदाय समेतलाई आफ्नो विकास आफैँ गर्न हौसला मिल्यो ।

> **एशिया र अफ्रिकालाई आफ्ना बालबालिकालाई दुःख तथा पीडाबाट जोगाउन र सुरक्षित राख्ने प्रयासमा अति प्रभावकारी ढङ्गले अन्तर्राष्ट्रिय समर्थन दिन सकिने गरी निकट भविष्यमा नयाँ प्रणालीको अध्ययनमा विशेष ध्यान दिइनुपर्छ।**
>
> **एग्लान्टाइन जेब**

एग्लान्टाइनले सेभ द चिल्ड्रेन स्थायी संस्थाका रूपमा विकसित हुनुपर्छ र त्यसलाई विश्वभर व्यापक पारिनुपर्दछ भन्ने मान्यताका साथ 'बालअधिकार घोषणापत्र' प्रतिपादन गरिन् । उनले त्यतिखेर आफूलाई बालअधिकारको सबैभन्दा सक्रिय बहसकर्ताका रूपमा उभिएर लीग अफ द नेसन्सलाई सो घोषणापत्र अङ्गीकार गर्न बाध्य पारिन् ।

> **कसैले केही सोच्न खोजे पनि राहत**
> **कार्य भनेको दिक्क लाग्दा बैठक,**
> **अपील, तथ्याङ्क र झर्को लाग्दो**
> **पीडाबाट मुक्ति पाउने गरिने झन**
> **दिक्क लाग्दो संघर्ष मात्र होइन ।**
> **यसका आकर्षणका क्षणहरू पनि छन्,**
> **यसमा रमाइलो र चुनौती पनि छन्**
> **नयाँ संसारमा अप्रत्यासित विचरण**
> **पनि छन् ।**
>
> **-एग्लान्टाइन जेब**

## एग्लान्टाइन जेबको अभियानका प्रभाव र परिणामहरू

सेभ द चिल्ड्रेन विश्वभरि १३० भन्दा बढी देशमा सञ्चालित छ। यो विश्वका महानतम सहयोगदाता संस्थाहरूमध्ये एक हुनुका साथै सर्वाधिक स्वीकार गरिएको संस्था पनि हो। यसले बालबालिकाको अधिकारका लागि विश्वभर अनेकौं परियोजनाहरू कार्यान्वयन गरिरहेको छ। सेभ द चिल्ड्रेन एलायन्सका सदस्यसंस्थाहरूले अझ पनि एग्लान्टाइनका सिद्धान्तहरूलाई मूर्तरूप दिन प्रयास गरिरहेका छन्।

स्रोत/सन्दर्भसामग्री

http//www.savethechildren.org.uk

Yates, Mick http://www.leader-values.com

CONSORTIUM OF ORGANIZATIONS WORKING FOR CHILD CLUBS


सम्पर्कका लागि ठेगाना :

**नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह**

**(कन्सोर्टियम)**

सचिवालय, कुपण्डोल,

पोष्ट बक्स नं. ६८२, काठमाडौं ।

फोन नं. ५५४२२०४

ई-मेल ठेगाना consortium@mos.com.np

वेभसाइट www.childclubsconsortium.org.np